# शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६

प्रदेश सरकार

प्रदेश नं. ५

बुटवल, नेपाल।

# शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६

प्रदेश सरकारबाट स्वीकृत मिति २०७६/०४/०६

**प्रस्तावना:** स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न चाहने विद्यार्थीका लागि भाषा शिक्षण, तालिम, अभिमुखीकरण, ब्रिजकोर्स पूर्व तयारी कक्षा तथा परामर्श सेवा र सो वापत विद्यार्थीसँग लिने शुल्क तथा ती संस्थाबाट विद्यार्थीलाई प्रदान गरिने सेवा तथा सुविधा समेतलाई व्यवस्थित एवम् सरलीकृत गरी अनुमति-पत्रसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नुका साथै उक्त कार्यमा संलग्न विभिन्न निकायहरूको भूमिका स्पष्ट गर्न आवश्यक भएकाले प्रदेश प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ।

## परिच्छेद - एक

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यो कार्यविधिको नाम "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षणसम्बन्धी कार्यविधि, २०७६" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्छ।

(ग) "कार्यविधि" भन्नाले "शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी कार्यविधि, २०७६" सम्झनुपर्छ।

(घ) "पूर्व तयारी कक्षा" भन्नाले TOEFL, IELTS, SAT, GRE, JLPT, GMAT लगायतका परीक्षाको लागि तयारी गरिने कक्षा सम्झनुपर्छ।

(ङ) "भाषा शिक्षण" भन्नाले संस्था तथा कक्षामा अध्ययन, अध्यापन गराइने स्वदेशी तथा विदेशी भाषा शिक्षण सम्झनुपर्छ।

(च) "तालिम" भन्नाले विदेशमा १ महिना भन्दा बढीको विशेष सीप प्राप्त गर्ने कोर्ष समेतलाई जनाउँदछ ।

(छ) "विद्यार्थी" भन्नाले शैक्षिक परामर्श सेवा प्राप्त गर्ने वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा अध्ययन गर्ने विद्यार्थी सम्झनुपर्छ।

(ज) "शैक्षिक परामर्श सेवा" भन्नाले स्वदेश तथा विदेशमा अध्ययन गर्न चाहने विद्यार्थीलाई विषय, तह र शिक्षण संस्था छनौट गर्ने, शिक्षण संस्थामा प्रवेशको लागि तयारी गर्न वा परामर्श प्रदान गर्ने सेवा सम्झनुपर्छ।

(झ) "शैक्षिक संस्था" भन्नाले नेपाल वा विदेशमा प्रचलित कानून बमोजिम स्थापना भएको विद्यालय, महाविद्यालय, विश्वविद्यालय सम्झनुपर्छ र सो शब्दले तालिम केन्द्र र प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षण संस्था समेतलाई जनाउँछ।

(ञ) "संस्था" भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा,तालिम, अभिमुखीकरण र ब्रिज कोर्ष सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई सम्झनुपर्छ।

(ट) "सेवा" भन्नाले शैक्षिक परामर्श सेवा वा भाषा शिक्षण वा पूर्व तयारी कक्षा सञ्चालन गर्ने संस्थाले दिने सेवालाई सम्झनुपर्छ।

## परिच्छेद - दुई
## उद्देश्य

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः

(क) उच्च शिक्षा अध्ययनसम्बन्धी परामर्श सेवा, सुविधा तथा शुल्कलाई व्यवस्थित गर्ने,

(ख) शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षणसम्बन्धी कार्यलाई व्यवस्थित, सरल, सहज, भरपर्दो, गुणस्तरीय एवम् पारदर्शी बनाउने,

(ग) शैक्षिक परामर्श, पूर्व तयारी कक्षा र भाषा शिक्षण कार्यमा संलग्न निजी क्षेत्रका संस्थालाई मर्यादित र अनुशासित बनाउन प्रोत्साहन गर्दै प्रभावकारी रूपमा व्यवस्थापन गर्ने, गराउने,

(घ) स्वदेशी तथा विदेशी शैक्षिक संस्था र परामर्शदातृ संस्थाहरूबीच समन्वय गर्ने,

(ङ) परामर्श दातृ संस्था, विद्यार्थीले अध्ययन गर्ने संस्था र विद्यार्थीबीच सुसम्बन्ध कायम गर्न सहजीकरण गर्ने,

(च) शैक्षिक परामर्शदातृ संस्था, परामर्शदाता तथा पूर्व तयारी कक्षा र भाषा शिक्षकहरूको क्षमता अभिवृद्धि गर्ने।

## परिच्छेद - तीन

## <u>अनुमतिसम्बन्धी व्यवस्था</u>

४. **<u>अनुमतिः</u>** (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्न चाहने संस्थाले यस कार्यविधि बमोजिम मन्त्रालय वा मन्त्रालयले तोकिदिएको निकायबाट अनुमति लिनुपर्नेछ।

(२) अनुमतिका लागि निवेदन दिने संस्थाले अनुसूची - १ बमोजिमको ढाँचामा सोही अनुसूचिमा उल्लेखित कागजात तथा विवरण सहित निवेदन दिनुपर्नेछ।

(३) यो कार्यविधि जारी हुनुपूर्व सञ्चालनमा रहेका शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले यो कार्यविधि जारी भएको मितिले छ महिनाभित्र उपदफा (१) बमोजिम अनुमति लिनुपर्नेछ।

५. **<u>अनुमति-पत्र दिनसक्नेः</u>** (१) कुनै संस्थाले पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्त संस्था माग बमोजिमको सेवा सञ्चालन गर्न सक्षम छ भन्ने देखिएमा मन्त्रालयले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्था सञ्चालन गर्न अनुसूची - २ बमोजिमको ढाँचामा अनुमति पत्र दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुमति दिने निर्णय भएपछि अनुमति दस्तुरबापत ५००० (पाँच हजार) रुपैंया दिई अनुमित पत्र दिइनेछ ।

(३) अनुमतिपत्रको अवधि एक आर्थिक वर्षको हुनेछ।

६. **<u>नवीकरण गर्नुपर्नेः</u>** (१) अनुमति पत्रको अवधि समाप्त भएको मितिले नब्बे दिनभित्र अनुमिति नवीकरण गर्नुपर्नेछ।

(२) नवीकरणका लागि निम्नलिखित कागजातहरू पेश गर्नुपर्नेछ।

(क) गत आर्थिक वर्षमा सम्पादन गरेका कामहरूको प्रगति विवरण,

(ख) गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ग) संस्थाले प्रदान गर्ने सेवा, कार्यप्रक्रिया र लागतको विवरण,

(घ) संस्था दर्ता/नवीकरण भएको प्रमाणपत्र,

(ङ) कर चुक्ता प्रमाण-पत्र।

(३) अनुमति नवीकरण दस्तुर बापत तीन हजार रुपैंया लिई अनुमति नवीकरण गरिनेछ।

७. **<u>अनुमति पत्र रद्द हुने अवस्थाः</u>** (१)शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने कुनै पनि संस्थाको अनुमति देहायका अवस्थामा रद्द हुनेछ।

(क) सम्बन्धित संस्थाले नै अनुमति पत्र रद्द गरी पाउँ भनी निवेदन दिएमा,

(ख) दफा ९ (१) बमोजिमका शर्तहरू उल्लङ्घन गरेको पाइएमा,

(ग) संस्थाले बदनीयतपूर्ण तवरबाट सेवा प्रदान गरेको वा झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा,

(घ) सेवा प्रदान गर्दा गरिएको सम्झौतामा निर्धारित शुल्कभन्दा बढी लिइएको पाइएमा,

(ङ) संस्थाको दर्ता खारेज भएमा,

(च) सञ्चालन गर्ने संस्था विघटन भएमा,

(छ) संस्था सञ्चालन गर्ने फर्म वा कम्पनी लिक्विडेशन भएको प्रमाणित भएमा,

(ज) मन्त्रालय वा मन्त्रालयले तोकेको निकायको नीति निर्देशनहरूको उल्लङ्घन गरेको पाइएमा।

(२) मन्त्रालयले प्रचलित ऐन, नियम र यस कार्यविधि अनुसार सञ्चालन नहुने संस्थाको अनुमति रद्द गरी दर्ता खारेजीका लागि संस्था दर्ता गर्ने निकाय कम्पनी रजिष्टारको कार्यालय वा सम्बन्धित निकायमा सिफारिस गर्नेछ।

## परिच्छेद —चार

## <u>धरौटीसम्बन्धी व्यवस्था</u>

८. **<u>धरौटी रकमः</u>** (१) यस कार्यविधि बमोजिम मन्त्रालयबाट स्वीकृत लिई सेवा संचालन गर्न चाहने संस्थाले धरौटीबापत रू १००००० (एक लाख) जम्मा गर्नुपर्नेछ।

(२) धरौटीबापतको रकम नेपाल राष्ट्र बैंकबाट स्वीकृत प्राप्त **क** वर्गको बैंकमा जम्मा गरी त्यसको प्रमाण मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) संस्थाले कानून विपरितका कुनै कार्य गरी कसैलाई आर्थिक क्षति पुर्याएमा धरौटी जफत गरी क्षति पर्ने पक्षलाई क्षति बराबरको रकम सोही धरौटीबाट उपलब्ध गराइनेछ र धरौटी भन्दा बढी क्षति पुर्याएमा प्रचलित कानूनबमोजिम असुल उपर गरी कारबाहीका लागि सिफारिस गरिनेछ।

(४) यो कार्यविधि जारी हुनुपूर्व अन्यत्रबाट स्वीकृती लिई संचालन भएका संस्थाहरू दफा ४ (३) बमोजिम मन्त्रालयबाट स्वीकृत लिँदा तोकिएको धरौटी जम्मा गर्नुपर्नेछ।

(५) यस कार्यविधि बमोजिम स्वीकृत लिई संचालन भएका संस्था बन्द गर्न चाहेमा सम्पूर्ण कानूनी प्रक्रिया पूरा गरेपछि मात्र धरौटी बापतको रकम फिर्ता गरिनेछ।

## परिच्छेद — ५

## संस्थासम्बन्धी व्यवस्था

९. **संस्थाले पालना गर्नुपर्ने शर्तहरुः** (१) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण कक्षा सञ्चालन गर्ने संस्थाले देहायका शर्तहरू पालना गर्नुपर्नेछः-

(क) संस्थाका लागि छुट्टै कार्यालयको व्यवस्था हुनुपर्ने,

(ख) संस्थाले ठेगाना तथा सम्पर्क टेलिफोन, इमेल समेत स्पष्ट खुलेको हुनुपर्ने,

(ग) संस्थाले आफूलाई प्रदान गरिएको अधिकारको क्षेत्रभित्र रही कार्य गर्नुपर्ने,

(घ) योग्यता पुगेको आधिकारिक व्यक्तिबाट मात्र शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण सेवा प्रदान गर्नुपर्ने,

(ङ) नेपाली नागरिक बाहेक अरूलाई शैक्षिक परामर्शदाता, पूर्व तयारी कक्षाको प्रशिक्षक वा भाषा प्रशिक्षकको रूपमा काम गराउनुपर्ने भए सोको लागि मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट अनुमति लिएको हुनुपर्ने,

(च) सेवा शुल्क पूर्ण रूपमा पारदर्शी हुनुपर्ने,

(छ) सेवाग्राहीसँग लिखित सम्झौता गरेर मात्र कार्य थालनी गर्नुपर्ने,

(ज) भ्रामक, अनिश्चित, अपुष्ट र आधारहीन विषयमा सल्लाह, सुझाव, परामर्श, प्रशिक्षण दिन र प्रकाशन एवम् प्रसारण गर्न नहुने,

(झ) अनुमति पत्र प्रदान गर्ने निकायको अनुमति प्राप्त गरेर मात्र शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा एवम् भाषा शिक्षण कक्षा सञ्चालन गर्नुपर्ने,

(ञ) शैक्षिक परामर्श सेवा, पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थामा मानवीय स्रोत, भौतिक पूर्वाधार, शिक्षण सामग्री लगायतका सुविधा हुनुपर्ने,

(ट) संस्थाको स्थायी लेखा नम्बर प्रमाण-पत्र, संस्था दर्ता प्रमाण-पत्र, संस्थाबाट गरिने सेवा, कार्यप्रक्रिया र लागत समेत खुलाई सबैले स्पष्ट रूपमा देख्ने गरी कार्यालयमा राख्नुपर्ने,

(ठ) मन्त्रालयले निर्धारण गरे अनुसारको सेवा सञ्चालन अनुमति तथा नवीकरण वापतको सेवा दस्तुर तथा धरौटी बुझाउनुपर्ने।

(२) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थाले अध्ययनका लागि विदेशी शिक्षण संस्थामा पठाउँदा विद्यार्थी वा अभिभावकसँग निम्नलिखित विवरण खुलाई सम्झौता गर्नुपर्नेछः-

(क) कलेजको नाम, विषय र तह खुलेको विवरण,

(ख) शुल्क वा वार्षिक खर्चसम्बन्धी विवरण,

(ग) विद्यार्थीहरूले पेश गर्नुपर्ने कागजातहरू,

(घ) सेवा शुल्क एवम् थप अन्य केही भए सो समेत खुल्ने विवरण।

(३) शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण दिने संस्थाले आफ्नो सेवा सम्बन्धी प्रचार प्रसार गर्दा देहायका शर्तहरू पालना गर्नुपर्नेछः-

(क) परामर्श वा प्रशिक्षण प्रदान गर्ने देश, विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, लागत, मान्यता, स्तर निर्धारण आदि स्पष्ट खुलाउनु पर्ने,

(ख) आफ्नो प्रचार सामग्रीमा संस्थाको दर्ता नं., अनुमति नं. र सम्पर्क ठेगाना स्पष्ट खुलेको हुनुपर्ने,

(ग) स्वदेशी तथा विदेशी अध्ययन संस्थाले अध्ययनसम्बन्धी शैक्षिक परामर्श प्रदान गर्न शैक्षिक मेला वा प्रदर्शनी आयोजना गर्दा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायबाट पूर्व अनुमति लिनुपर्ने।

(४) शैक्षिक परामर्शसम्बन्धी मेला वा प्रदर्शनी आयोजनाका लागि देहायका कागजात संलग्न गरी मन्त्रालय वा मन्त्रालयले तोकेको निकायसमक्ष अनुमतिका लागि निवेदन दिनुपर्नेछः-

(क) स्थायी लेखा नम्बर प्रमाण-पत्र (PAN) को प्रतिलिपि,

(ख) मेला वा प्रदर्शनीमा सामेल शिक्षण संस्था, विषय, तह, लागत, उपाधिको मान्यता र समकक्षता बारेको विस्तृत विवरण,

(ग) मेला वा प्रदर्शनी आयोजना कार्यक्रमको विस्तृत विवरण,

(घ) विदेशी आयोजक भए सम्बन्धित देशको कूटनीतिक निकायको सिफारिस पत्र।

(५) शैक्षिक परामर्श प्रदान गर्ने अभिप्रायले तोकिएको कागजातहरू संलग्न गरी पेश गरेको निवेदन तथा कागजातहरू जाँचबुझ गर्दा उक्तमेला वा प्रदर्शनी आयोजना गर्न उचित छ भन्ने देखिएमा मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले आयोजनाका लागि अनुमति दिनेछ।

१०. <u>विद्यार्थीले पालना गर्नुपर्ने कुराहरुः</u> (१) विद्यार्थीहरूले शैक्षिक परामर्श सेवा पूर्व तयारी कक्षा वा भाषा प्रशिक्षण लिनका लागि देहायका कुराहरू पालना गर्नुपर्नेछः-

(क) आफ्ना प्रमाणपत्रहरू तथा आफूसँग सम्बन्धित यथार्थ विवरणहरू पेश गर्नुपर्ने,

(ख) आफूले परामर्श लिन चाहेको देश, विश्वविद्यालय, कलेज, विषय, अवधि, उपाधि, स्तर निर्धारण, उपाधि समकक्षता, लागत (धरौटी, आवेदन शुल्क, प्रवेश शुल्क, धरौटी फिर्ता प्रक्रिया, आवास खर्च, निर्वाह खर्च, निःशुल्क वृति आदि) स्पष्ट खुलाइएको लिखित सम्झौता गर्नुपर्ने,

११. <u>परामर्शदाताको योग्यताः</u> (१) शैक्षिक परामर्श सेवा प्रदान गर्ने परामर्शदाताको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण भएको,

(ख) देहायको कुनै एक निकायबाट शैक्षिक परामर्शसम्बन्धी तालिम लिएको हुनुपर्नेछः

(१) शिक्षा, विज्ञान र प्रविधि मन्त्रालय वा अन्तर्गतको निकायबाट,

(२) प्रदेशको सामाजिक विकास मन्त्रालय वा अन्तर्गतको निकायबाट,

(३) विश्वविद्यालय वा महाविद्यालय वा मान्यता प्राप्त तालिम प्रदायक संस्था वा कूटनीतिक निकायबाट,

(४) नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय वा प्रदेशको सामाजिक विकास मन्त्रालयबाट शैक्षिक परामर्श तालिम संचालन गर्न अनुमति प्राप्त संघसंस्थाबाट।

१२. **<u>प्रशिक्षकको योग्यताः</u>** (१) पूर्व तयारी कक्षा वा भाषा शिक्षण गर्ने प्रशिक्षकको न्यूनतम योग्यता देहाय बमोजिम हुनेछः-

(क) कम्तीमा स्नातक वा सो सरह उत्तीर्ण वा सम्बन्धित भाषाको कम्तीमा एक वर्षे तालिम लिएको वा उक्त भाषाको कम्तीमा डिप्लोमा तह उत्तीर्ण गरेको,

(ख) TOEFL, IELTS, SAT, JLPT अध्यापनका लागि स्नातक तह उत्तीर्ण गरी अध्यापन गर्ने सम्बन्धित विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको,

(ग) GRE, GMAT अध्यापनका लागि स्नातकोत्तर तह उत्तीर्ण गरी अध्यापन गर्ने विषयमा न्यूनतम ७५ प्रतिशत प्राप्ताङ्क प्राप्त गरेको।

## परिच्छेद - छ

## <u>लेखापरीक्षण</u>

१३. **<u>लेखापरीक्षणः</u>** (१) शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सेवा सञ्चालन गर्ने संस्थाले देहाय बमोजिमको लेखापरीक्षण गराउनु पर्छः-

(क) महालेखापरीक्षकको कार्यालयले तोकेको ढाँचामा लेखा प्रणालीको अवलम्बन गर्नु पर्नेछ र प्रत्येक वर्ष आय-व्ययको विवरण अद्यावधिक गर्नुपर्नेछ,

(ख) मान्यता प्राप्त लेखापरीक्षकबाट वार्षिक लेखापरीक्षण गराउनु पर्नेछ।

(ग) मन्त्रालयले माग गरेको जुनसुकै बखत संस्थाले आफ्नो आय-व्ययको विवरण उपलब्ध गराउनु पर्नेछ।

## परिच्छेद - सात

## <u>निरीक्षण, अनुगमन र मूल्याङ्कन</u>

१४. **<u>निरीक्षण, अनुगमन र मूल्याङ्कनः</u>** यो कार्यविधि तथा प्रचलित ऐन नियमको अधीनमा रही शैक्षिक परामर्श वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण संस्थाको गतिविधिको निरीक्षण, अनुगमन र मूल्यांकन मन्त्रालय वा मन्त्रालयले तोकेको निकायले जुनसुकै बखत देहायका आधारमा गर्नेछः-

(क) संस्थाको प्रगतिको अवस्था,

(ख) संस्थाले प्रदान गर्ने सेवाको स्तर,

(ग) शुल्कको विवरण,

(घ) सेवाको प्रकृति,

(ङ) पारदर्शिताको अवस्था,

(च) संस्थाको कार्यालयको नियमितता,

(छ) सेवाग्राहीसँग गरेको सम्झौता र यसको कार्यान्वयन पक्ष,

(ज) सम्बन्धित संस्थाको कार्यकुशलता।

## परिच्छेद - आठ

## विविध

१५. **निर्देशन दिन सक्ने:** (१) मन्त्रालयले शैक्षिक परामर्श सेवा वा पूर्व तयारी कक्षा वा भाषा शिक्षण सेवासम्बन्धी कार्यलाई सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक निर्देशन दिन सक्नेछ। ती निर्देशन पालना गर्ने कर्तव्य सम्बन्धित संस्थाको हुनेछ।

(२) मन्त्रालयलाई आवश्यक भएको अवस्थामा विदेशमा अध्ययनरत विद्यार्थीका बारेमा, विदेशी शिक्षण संस्थासँग सम्बन्धित विषयमा नेपाल सरकार मार्फत वैदेशिक कूटनीतिक नियोग वा राजदूतावाससँग सहयोगका लागि समन्वय गर्न सक्नेछ।

१६. **प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा उल्लेखित विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१७. **संशोधन:** प्रदेश सरकारले आवश्यकतानुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

## अनुसूचि - १

## <u>अनुमति-पत्रको लागि दिइने निवेदन</u>

श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ५, बुटवल, नेपाल।

**विषयः शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्ने संस्था सञ्चालन गर्न अनुमति-पत्र पाउँ।**

महोदय,

मिति ............................ मा ......................................................................... नामको फर्म कम्पनी ................................................ मा शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण कार्य प्रदान गर्ने उद्देश्य राखी दर्ता भएको हो।शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण सञ्चालन गर्ने अनुमतिका लागि/अनुमति नवीकरणका लागि देहायको कागजात संलग्न गरी यो निवेदन पेश गरेको/गरेका छु/छौं।

निवेदकको नाम, थरः
ठेगानाः
सम्पर्क टेलिफोनः
इमेलः

<u>संलग्न कागजातहरुः</u>

(क) फर्म वा कम्पनीको स्वीकृत प्रवन्ध-पत्र तथा नियमावलीको प्रमाणित प्रतिलिपि ☐
(ख) सञ्चालकहरूको नागरिकता, प्रमाण-पत्रको प्रतिलिपि, ☐
(ग) स्थायी लेखा प्रमाण-पत्र (PAN), मूल्य अभिवृद्धि कर (VAT) को प्रतिलिपि, ☐
(घ) कम्तीमा दुई जना परामर्शदाताको प्रमाण-पत्र, ☐
(ङ) कुनै पनि देशको कम्तीमा दुई ओटा कलेज तथा विश्वविद्यालयको आधिकारिक प्रतिनिधि भएको प्रमाण-पत्रको प्रतिलिपि, ☐
(च) कम्तीमा दुई वर्षको लागि घर भाडामा लिएको सम्झौता-पत्रको प्रतिलिपि, ☐
(छ) फर्म वा कम्पनी, संस्थाको नाममा खाता सञ्चालन रहेको सम्बन्धित बैंकको सिफारिस पत्र, ☐
(ज) संस्थाले प्रदान गर्ने सुविधा, कार्यप्रक्रिया, लागत समेत खुलाइएको विवरण, ☐
(झ) भाषा एवम् पूर्व तयारी कक्षा सञ्चालन गर्ने प्रशिक्षकहरूको योग्यता खुलेको प्रमाण-पत्रको प्रतिलिपि सहितको विवरण, ☐

## अनुसूचि - २

प्रदेश सरकार
प्रदेश नं. ५
सामाजिक विकास मन्त्रालय,
बुटवल, नेपाल।

## अनुमति-पत्र

श्री ..................................... ले मिति .............................. मा दिएको निवेदन उपर कारवाही हुँदा स्वदेश तथा विदेशस्थित शिक्षण संस्थामा अध्ययन गर्न चाहने विद्यार्थीका सम्बन्धमा शैक्षिक परामर्श सेवा/पूर्व तयारी कक्षा/भाषा शिक्षण गर्न पाउने गरी अनुमति दिने भनी मिति ......................... मा निर्णय भएको हुँदा यो अनुमति पत्र जारी गरिएको छ।

रजिष्ट्रेशन नं.
पान नं.

............................
अनुमति दिने अधिकारी
नाम, थरः
पदः
मितिः .................................